# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

## दशौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णयहरुको अभिलेख (माइनुट) :

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०६/३१ मा बसेको संचालक समितिको १५६ औं बैठकको निर्णय अनुसार संस्थाको दशौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री उदयनारायण बरालको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा बसी निम्नानुसार प्रस्ताव उपर छलफल तथा निर्णय पारित गरी सम्पन्न भयो ।

**१. सभा भएको मिति, स्थान र समय :**

१.१ मिति : २०८१/०७/२३ आइबार (तदानुसार नोभेम्बर ९, २०२५)
१.२ स्थान : हिले कान्जिरोवा मकालु होटल, धनकुटा नगरपालिका वडा नं. १, हिले ।
१.३ समय : बिहानको ९:०० बजे ।

**२. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७. (१) (क) र संस्थाको नियमावलीको नियम १८ (१) (क) बमोजिम बोलाईएको दशौं वार्षिक साधारण सभाको मिति, स्थान, समय र प्रस्तावहरु सहितको सूचना तथा कम्पनी ऐनको दफा ८४ (४) अनुसार संस्थाको आ.व. २०८१/८२ को सम्क्षिप्त आर्थिक विवरणको सूचना मिति २०८२/०७/०२ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिका र मिति २०८२/०७/०३ गतेको उद्घोष राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । साथै, दशौं वार्षिक साधारण सभाको सूचना संस्थाको वेवसाइटमा समेत राखिएको थियो ।

**३. छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

(१) आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण तथा सम्बन्धित लेखा टिप्पणीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को ०.७५ प्रतिशतले हुने रकम रु.८,६८,८७१/२५ (अक्षरेपी आठ लाख अट्सठ्ठी हजार आठ सय एकहत्तर पैसा पच्चिस मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव स्वीकृति गर्ने ।

(५) संस्थापक शेयधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालक नियुक्त गर्ने ।

कम्पनी सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

(ख) **विशेष प्रस्तावहरु :**

(१) संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत भए बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हालको चुक्ता रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को १४.२५ प्रतिशतले हुने रकम रु.१,६५,०८,५५३/७५ (अक्षरेपी एक करोड पैसठ्ठी लाख आठ हजार पाँच सय त्रिपन्न पैसा पचहत्तर मात्र) बराबरको बोनस वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(२) प्रस्तावित बोनस शेयर बराबर संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) उपरोक्त विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) **विविध :**

४. **उपस्थिति :**

४.१ **कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

१. श्री उदयनारयण बराल
२. श्री मदन खतिवडा
३. श्री बिजय कुमार दाहाल
४ प्रा.डा. प्रमोद कुमार झा
५. श्री अर्जुन प्रसाद निरौला
६. श्री रुजा कोइराला

४.२ **अन्य पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री विष्णु प्रसाद उपाध्याय | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री भेष बहादुर बस्नेत | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री जगन्नाथ कुईकेल | वरिष्ठ प्रबन्धक |
| ४. श्री राम प्रसाद पोखरेल | वरिष्ठ प्रबन्धक |
| ५. श्री शिब कुमार श्रेष्ठ | प्रबन्धक |
| ५. श्री निरोज पौडेल | वरिष्ठ अधिकृत |
| ६. श्री डिल्ली बहादुर बस्नेत | वरिष्ठ अधिकृत |
| ७. श्री मनोज कार्की | वरिष्ठ अधिकृत |
| ८. श्री राजन खत्री | अधिकृत |
| ७. श्री अशोक भट्टराई | कनिष्ठ अधिकृत |
| ८. श्री महेश कट्वाल | कनिष्ठ अधिकृत |
| ९. श्री ममता भण्डारी | सहायक |

कम्पनी सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

१०. श्री रोनिशा खड्का कनिष्ठ सहायक

४.३ **शेयरधनीहरुको उपस्थिति :**

जम्मा उपस्थित शेयरधनी संख्या : २८ जना

५. **गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :**

| विवरण | कूल संख्या | उपस्थिति | | | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कूल | |
| शेयरधनी संख्या ( संस्थापक तथा सर्वसाधारण) | २३,३७४ | १९ | ९ | २८ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ११,५८,४९५ | ४,८८,१६८ | २,६९,०९० | ७,५७,२५८ | ६५.३७% |

६. **सभाको बैधानिकता र सभाको अध्यक्षता :**

६.१ कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुनेगरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयर धनीहरुको संख्या १९ जना र प्रतिनिधि मार्फत उपस्थिति जनाउने शेयर धनीहरुको संख्या ९ जना गरी जम्मा २८ जना शेयरधनीहरुको उपस्थिति भएको र कूल बाँडफाँड भएको शेयर ११ लाख ५८ हजार ४ सय ९५ कित्ता मध्ये ७ लाख ५७ हजार २ सय ५८ कित्ता अर्थात ६५.३७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेकोले प्रचलित कानुन बमोजिम सभा बैधानिक भएको जानकारी कम्पनी सचिब श्री भेष बहादुर बस्नेतले गराउनुभयो ।

६.२ कम्पनी सचिवले सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनी ऐन २०६३ को दफा ७४ को (१) तथा संस्थाको नियमावलीको नियम १९ को उपनियम (१) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री उदय नारायण बराललाई अनुरोध गरे बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्ष श्री उदय नारायण बरालले गर्नुभयो । तत्पश्चात संचालकहरु श्री मदन खतिवडा, श्री विजय कुमार दाहाल, प्रा.डा. प्रमोद कुमार झा, श्री अर्जुन प्रसाद निरौला, श्री रुजा कोइराला तथा प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायले आशन ग्रहण गर्नु भयो । त्यसैगरी संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालकहरुको निर्वाचन गर्ने प्रयोजनार्थ गठन भएको निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत अधिबक्ता श्री महेन्द्र प्रसाद वस्ती र यस वित्तीय संस्थाका स्वतन्त्र लेखापरीक्षक श्री प्रविण बरालले समेत अतिथिको आशन ग्रहण गर्नुभयो । साथै, शेयरधनी महानुभावहरु, प्रतिनिधिज्यूहरु लगायत पत्रकार, पर्यवेक्षक लगायत सम्पूर्ण महानुभावहरुले आ-आफ्नो स्थानमा आशन ग्रहण गर्नुभयो ।

६.३ राष्ट्रिय गान कार्यक्रममा सम्पूर्ण महानुभावहरु सहभागी हुनुभयो ।

कम्पनी सचिव



गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

७. **स्वागत मन्तव्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायले सभामा उपस्थित शेयरधनीहरु सहित अन्य महानुभावहरुलाई स्वागत गर्दै आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमाससम्मको वित्तीय संस्थाको अवस्थाको बारेमा जानकारी गराउनुभयो । २०८२ असोज मसान्तसम्ममा २३,९०४ जना सदस्य, २ अर्ब ७ करोड ५४ लाख कर्जा, ४९ करोड ७४ लाख बचत र १ करोड ४४ लाख खुद मुनाफा आर्जन गरी प्रतिशेयर आम्दानी रु.५० रहेको जानकारी गराउनु भयो । वित्तीय संस्थाले संस्थागत सुशासनलाई आफ्नो मार्गदर्शनको रुपमा लिदै सेवाग्राहीहरुलाई छिटो छरितो सेवा प्रवाह, लगानी कर्तालाई उच्च प्रतिफलदायी संस्था, सरकारको लागि उच्च करप्रदायक र रोजगारीको लागि आकर्षक वित्तीय संस्थाको रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

८. **सभाको समुद्घाटन :**

सभाका अध्यक्ष श्री उदय नारायण बरालले पानसमा बत्ति बाली सभाको समुद्घाटन गर्नुभयो ।

९. संस्थाको दशौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य सहित आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन तथा वार्षिक साधारण सभामा पेस हुने प्रस्तावहरु सभा समक्ष राखिदिनुहुन सभाका अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

१०. **सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति र छलफल :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षले सभामा प्रस्तुत गर्नुभयो । अध्यक्षले सो प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्नो विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभएकोमा उपस्थित शेयरधनीहरु मध्ये निम्न शेयरधनीहरुबाट निम्न अनुसार सुझाव तथा प्रतिक्रिया प्राप्त भयो ।

**शेयरधनी श्री कृष्ण प्रसाद गौतम :**

संस्थाको प्रगति राम्रो रहेको, अन्य संस्थाले भन्दा यस संस्थाले वार्षिक साधारण सभा छिटो गरेकोमा संस्थाका संचालक, कर्मचारीहरु र सदस्यहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै वित्तीय संस्थाले खराब कर्जा असुलीमा विशेष पहल गर्न सुझाव पेस गर्नु भयो ।

**शेयरधनी श्री राजु प्रसाद अधिकारी**

आर्थिक वर्ष २०८१/८२ मा NFRS ढाँचामा तथा ECL को अवधारणा बमोजिम सबै भन्दा पहिले वार्षिक साधारण सभा गर्न सफल भएकोमा संचालक समिति तथा व्यवस्थापनलाई बधाइ दिनु भयो । दुई वर्ष देखि लगातार १५ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा सम्पूर्ण शेयर धनी खुशी रहेको विचार व्यक्त गर्नुको साथै नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्न अनुमती प्राप्त पत्र मार्फत दिएका निर्देशनहरु नदोहोरिने गरी काम गर्न सुझाव दिदै वित्तीय संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

**शेयरधनी तथा संचालक श्री अशोक गौतमको लिखित शुभकामना संदेश :**

वित्तीय संस्थाका संस्थापक शेयरधनी तथा संचालक श्री अशोक गौतम स्वास्थ्यको कारण दशौं वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित हुन नसकेको हुँदा दशौ वार्षिक साधारण सभाले

कम्पनी सचिव

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

यस संस्थालाई कोशी प्रदेशको सबल, सक्षम र भरोसायोग्य लघुवित्त वित्तीय संस्थाको रुपमा विकास गर्न सक्ने सक्षम नेतृत्वको छनौट गर्न सकोस भन्दै सभाको सफलताको लिखित शुभकामना पठाउनु भएकोमा उक्त शुभकामना अध्यक्षको अनुमतीले कम्पनी सचिवले सभा समक्ष पढेर सुनाउनु भयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले ब्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सम्बन्धमा अध्यक्षले दिनु भएको जवाफ :**

सभाका अध्यक्षबाट शेयरधनी महानुभावहरुले राखेका जिज्ञासाको जवाफ दिदै शेयर धनी महानुभावहरुको सल्लाह सझाव र सहयोगले काम गर्ने हौषला थपिएको र लघुवित्त वित्तीय संस्थाहरु मध्ये सबैभन्दा पहिले साधारण सभा गर्न सफल भएको जानकारी दिनुभयो । आगामी दिनहरुमा समेत लघुवित्त वित्तीय संस्थाको मर्म र भावना, नियमनकारी निकायको निर्देशन, लघुवित्तका प्रचलित अभ्यासहरुको समेत अनुसरण गर्दै वित्तीय संस्थालाई सुशासनको क्षेत्रमा उदाहरणीय, जवाफदेही, छिटो छरितो सेवा प्रवाह, ग्राहकमुखी सेवाहरुको विकासको माध्यमबाट यस वित्तीय संस्थालाई कोशी प्रदेशको अब्बल संस्थाको रुपमा विकास गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

१२. **सभामा प्रस्तुत प्रस्ताव तथा सो सम्बन्धमा गरिएका निर्णयहरु :**

अध्यक्षबाट सभामा निर्णयार्थ प्रस्तुत भएका प्रस्तावहरुमा सभाबाट देहाय बमोजिम ध्वनीमतको आधारमा निर्णय भएको छ ।

क. सामान्य प्रस्ताव तथा निर्णयहरु :

(१) **आ.व.२०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभाका अध्यक्ष श्री उदयनारायण बरालले सभामा प्रस्तुत गर्नुभएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण तथा सम्बन्धित लेखा टिप्पणीहरु छलफल गरी पारित गर्ने ।**

सभामा अध्यक्षले पेस गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१/०४/०१ देखि मिति २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणीहरु उपर छलफल गरी सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

(३) **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अन्तर्गत लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न श्री वि.पि. एसोसियट्स्, चार्टर्ड एकाउण्टेण्ट्स्, काठमाडौलाई लेखापरीक्षक नियुक्त गर्न र वैधानिक लेखापरीक्षण,

कम्पनी सचिव



स्था: २०७३ धनकुटा

अध्यक्ष

कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयारी लगायत आर्थिक वर्ष २०८२/८३ मा गर्नु पर्ने अन्य लेखापरीक्षण सम्बन्धी कार्यको लागि कर बाहेकको पारिश्रमिक रु.३,००,०००।- ( अक्षरेपि रु. तीन लाख मात्र) र दैनिक तथा भ्रमण खर्च बास्तविक विलको आधारमा उपलब्ध गराउन सिफारिस भई आएको व्यहोरा जानकारी गराउँदै स्वीकृतिको लागि सभामा प्रस्ताव गर्नु भएकोमा सभाबाट सर्वसम्मतिबाट स्वीकृत भयो ।

(४) **संचालक समितिले सिफारिस गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को ०.७५ प्रतिशतले हुने रकम रु.८,६८,८७१/२५ (अक्षरेपी आठ लाख अट्सठ्ठी हजार आठ सय एकहत्तर पैसा पच्चिस मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव स्वीकृति गर्ने ।**

अध्यक्षले सभामा आर्थिक वर्ष २०८१/८२ को वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को ०.७५ प्रतिशतले हुने रकम रु.८,६८,८७१/२५ (अक्षरेपी आठ लाख अट्सठ्ठी हजार आठ सय एकहत्तर पैसा पच्चिस मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्न प्रस्ताव पेस गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

(५) संस्थापक शेयधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालक नियुक्त गर्ने ।

यस गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०७/२२ मा सम्पन्न छैठौं वार्षिक साधारणसभाबाट ४ वर्षको लागि नियुक्त हुनुभएका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको पदावधि दशौं वार्षिक साधारण सभा पछि समाप्त भई रिक्त हुने ४ जना संचालकहरुको निर्वाचन सम्बन्धी आवश्यक कार्य गर्न गराउन संचालक समितिको मिति २०८२/०६/३१ मा बसेको १५६ औं बैठकले अधिवक्ता श्री महेन्द्र प्रसाद वस्तीलाई प्रमुख निर्वाचन अधिकृतमा र निर्वाचन अधिकृतहरुमा कर्पोरेट कार्यालयका नायब प्रमख कार्यकारी अधिकृत श्री भेष बहादुर बस्नेत र प्रबन्धक श्री जगन्नाथ कुइँकेललाई नियुक्त गरी निर्वाचनका सम्पूर्ण कार्य गर्ने जिम्मेवारी तोकिएकोमा निर्वाचन सम्बन्धी भए गरेका कामहरुको बारेमा सभालाई जानकारी गराउन प्रमुख निर्वाचन अधिकृत श्री मेहेन्द्र प्रसाद वस्तीज्यूलाई अनुरोध गर्नुभएकोमा प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्र प्रसाद वस्तीले सभा समक्ष मिति २०८२/०७/१७ मा निर्वाचन कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रम बमोजिम मिति २०८२/०७/१९ गते विहान ११:०० बजेदेखि दिनको १२:०० बजेसम्म उम्मेदवारको मनोनयन दर्ता गर्ने समयावधिभित्र ४ जना उम्मेदवारको मनोनयन दर्ता भएको, निर्धारित निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवार विरुद्ध कुनै दाबी विरोधन नपरेको र उम्मेदवारले मनोनयन पत्र फिर्ता संमेत नलिएकोले संस्थाको संञ्चालक निर्वाचन निर्देशिका २०७६ तथा प्रचलित कानून बमोजिम विराटनगर महानगरपालिका वडा नं. ४ निवासी श्री उदयनारायण बराल, विराटनगर महानगरपालिका वडा नं. ५ निवासी श्री मदन खतिवडा, विराटनगर महानगरपालिका वडा नं. ६ निवासी श्री विजय कुमार दाहाल र विराटनगर महानगरपालिका वडा नं. १२ निवासी श्री मनिष अर्याल निर्विरोध

कम्पनी सचिव



गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड स्था: २०७३ धनकुटा

अध्यक्ष

निर्वाचित हुनुभएको घोषणा गर्नुभयो र निर्वाचित संचालकहरुलाई प्रमाणपत्र उपलब्ध गराउनुभयो ।

प्रमुख निर्वाचन अधिकृत श्री महेन्द्र प्रसाद वस्तीले गरेको उपरोक्त घोषणा अनुसार विराटनगर महानगरपालिका वडा नं. ४ विवासी श्री उदयनारायण बराल, विराटनगर महानगरपालिका वडा नं. ५ निवासी श्री मदन खतिवडा, विराटनगर महानगरपालिका वडा नं. ६ निवासी श्री विजय कुमार दाहाल र विराटनगर महानगरपालिका वडा नं. १२ निवासी श्री मनिष अर्याललाई आगामी ४ वर्ष अवधिको लागि संचालक नियुक्तिको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतले पारित गर्‍यो ।

(ख) **विशेष प्रस्ताव तथा निर्णयहरु :**

(१) **संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को १४.२५ प्रतिशतले हुने रकम रु.१,६५,०८,५५३/७५ (अक्षरेपी एक करोड पैसठ्ठी लाख आठ हजार पाँच सय त्रिपन्न पैसा पचहत्तर मात्र) बराबरको बोनस वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

अध्यक्षले सभा समक्ष संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.११,५८,४९,५००/-(एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय) को १४.२५ प्रतिशतले हुने रकम रु.१,६५,०८,५५३/७५ (अक्षरेपी एक करोड पैसठ्ठी लाख आठ हजार पाँच सय त्रिपन्न पैसा पचहत्तर मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव अनुमोदनको लागि पेस गर्नु भएकोमा सभाबाट सर्वसम्मत स्वीकृत भयो ।

(२) **प्रस्तावित बोनस शेयर बराबर संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।**

संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन सम्बन्धी अध्यक्षले राखेको प्रस्ताव माथि सभामा छलफल भई संलग्न **अनुसूची-१** बमोजिम संशोधन सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।

(३) **विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

यस साधारण सभाले संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी गरेका उपरोक्त निर्णयहरुमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत अन्य नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षद्वारा सभामा प्रस्ताव पेस भएकोमा सभाबाट सर्वसम्मत प्रस्ताव स्वीकृत भयो ।

कम्पनी सचिव



स्था: २०७३ धनकुटा

अध्यक्ष

(ग) **विविध सम्बन्धमा :**

निर्धारित विषयसूची विविध अन्तर्गत छलफल गर्नुपर्ने र प्रस्ताव पारित गर्नु पर्ने कुनै पनि विषय नभएको व्यहोरा अध्यक्षले सभालाई जानकारी गराउनुभयो ।

१३. **धन्यबाद ज्ञापन तथा सभा विसर्जन :**

दशौं वार्षिक साधारण सभाको लागि निर्धारित सबै प्रस्तावहरु सर्वसम्मत पारित भएको, आगामी चार वर्षको लागि सर्वसम्मत नेतृत्व चयन भएको र शेयरधनी महानुभावहरुबाट अमूल्य सल्लाह सुझाव प्राप्त भएकोमा सभामा सम्पूर्ण शेयधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै विहान १०:४५ बजे संस्थाको दशौं वार्षिक साधारण सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड
स्था: २०७३
धनकुटा

.................................
(भेष बहादुर बस्नेत)
**कम्पनी सचिव**

.................................
(उदय नारायण बराल)
**अध्यक्ष**

अनुसूची-१

निर्णय नं. १२.(ख) (२) सँग सम्बन्धित

# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रबन्धपत्र संशोधनको तीन महले विवरण, २०८१

| क्र.सं. | दफा | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | ६(ख) | वित्तीय संस्थाको जारी पुँजी रु.११,५८,४९,५००/– ( अक्षरेपी एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका ११,५८,४९५ (एघार लाख अन्ठाउन्न हजार चार सय पन्चानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुँजी रु.१३,२३,५८,०५३/७५ ( अक्षरेपी रु. तेह्र करोड तेइस लाख अन्ठाउन्न हजार त्रिपन्न पैसा पचहत्तर मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका १३,२३,५८०।५४ (तेह्र लाख तेइस हजार पाँच सय असी दशमलब पाँच चार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाको दशौं वार्षिक साधारण सभाबाट रु.१,६५,०८,५५३ /७५ बराबरको बोनस शेयर जारी गर्न स्वीकृत भएकोले संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले । |
| ३. | ६(ग) | वित्तीय संस्थाको चुक्ता पुँजी रु.११,५८,४९,५००/– ( अक्षरेपी एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुँजी रु.१३,२३,५८,०५३/७५ ( अक्षरेपी रु.तेह्र करोड तेइस लाख अन्ठाउन्न हजार त्रिपन्न पैसा पचहत्तर मात्र) हुनेछ । | |

कम्पनी सचिव

अध्यक्ष